# सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह ( एम.एड्.)
दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको कोर्ष नं. ५९८ को आंशिक
आवश्यकता पूरा गर्नका लागि तयार पारिएको शोधपत्र


शोधकर्ता :

सीता देवी वि.सी.

परीक्षा रोल्नं. : २१४००५३ (२०६७)

त्रि.वि.द.नं. : ६-१-२१५-२३६-९८


सुकुना बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

इन्द्रपुर, मोरङ्ग

१५ अप्रिल २०१३

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विषय एम.एड.दोस्रो वर्षकी छात्रा सीता देवी वि.सीले "सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन" विषयमा शोधपत्र मेरो प्रत्यक्ष निर्देशन र सहयोगमा तयार गर्नु भएको हो । उहाँको यो कार्यप्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

..........................

१५ अप्रिल, २०१३

अशोक बस्नेत
(शोधनिर्देशक)

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पसमा पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्रा सीतादेवी वि.सी. ले यसै क्याम्पसका शि.सा. श्री अशोक बस्नेत ज्यूको निर्देशनमा रही तयार गर्नुभएको “सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन” शीर्षकमा तयार गरिएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | कार्यक्रम संयोजक | ...................... |
| २. | अशोक बस्नेत | शोध निर्देशक | ...................... |
| ३. | प्रा. स्वयमप्रकाश जवरा | बाह्य परीक्षक | ....................... |

२६ अप्रिल, २०१३

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अन्तरगत सुकुना बहुमुखी क्याम्पस एम.एड. दोस्रो वर्षको शोधपत्र लेखन कोड नं. ५९८ को लागि "सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन" शीर्षकमा यो शोधपत्र तयार गरिएको हो ।

यो अनुसन्धानको प्रस्तावना लेखन देखि शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य समय दिदै मार्ग दर्शन गरिदिनु भई आवश्यक सन्दर्भ सामग्री सङ्कलन गर्न तथा यस शोध पत्र लेखन कार्यलाई सफल पार्न भरपुर सहयोग, सरसल्लाह एवं कुशल निर्देशन गर्नुहुने आदरणीय गुरू तथा शोध निर्देशक अशोक बस्नेतज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसै गरि सुकुना बहुमूखी क्याम्पसका कार्यक्रम संयोजक लक्ष्मी कुमार श्रेष्ठ, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग तर्फका सम्पूर्ण गुरूज्यूहरू, प्रशासनिक पदाधिकारी ज्यूहरू, मेरा अग्रजहरू र सहपाठीहरूको सहयोग पनि अविष्मरणीय रहेको छ ।

यो शोध पत्र तयार गर्ने क्रममा अध्ययन क्षेत्रका विद्यालयका विद्यार्थी, शिक्षक तथा प्र.अ., वि.नि., श्रोत व्यक्ति तथा छनौटमा रहेका सम्पूर्ण उत्तरदाताहरू, सबै तथ्याङ्क तथा सूचना सङ्कलनमा वहाँहरूको मित्रतापूर्ण सहयोगका लागि धन्यवादको पात्र हुनुहुन्छ साथै यो शोधपत्र तयार पार्ने क्रममा कम्प्युटर प्रिन्टिङ्गका लागि पूर्ण रूपले सहयोग गर्नुहुने लक्ष्मी प्रसाद लिम्बू प्रति हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

सीता देवी वि.सी.

# शोधसार

सामाजिक अध्ययन मानिसलाई एक प्रभावकारी नागरिकको रूपमा आवश्यक पर्ने ज्ञान सीप र अभिवृत्ति विकास गराउन मनोवैज्ञानिक ढंगले तयार पारिएको समन्वयात्मक विषयवस्तुको समष्टिगत रूप हो । अझ संक्षिप्तमा भन्नुपर्दा मानव जीवनको सर्वपक्षीय अध्ययन हो । सम्पूर्ण विश्व र मानव जीवन सम्बन्धी समस्त अध्ययन सामग्री यस अध्ययनको घेरा भित्र पर्छन् । अर्थात विश्वव्यापीकरण देखि स्थानीयकरण समेत यसमा समावेश हुन्छन् । त्यसैले सामाजिक अध्ययनको अध्ययन क्षेत्र व्यापक र असीमित छ त्यसैले प्राथमिक तह देखि नै एक महत्वपूर्ण र अनिवार्य विषयका रूपमा यसको पठन पाठन भईरहेको छ । यस विषयको माध्यमबाट विद्यार्थीको सामाजिकीकरणमा ठोस योगदान पुऱ्याउने भएकोले वर्तमानमा झैं भविश्यमा पनि सामाजिक अध्ययन विषयको महत्व रहिरहने छ । सामाजिक अध्ययन अन्तर्गत समग्र देशको सामाजिक, आर्थिक, भौगोलिक, राजनीतिक, साँस्कृतिक आदि पक्षको अध्ययन गरिन्छ । त्यसैले "सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङकन्" शीर्षकमा तयार गरिएको यो शोध अध्ययनको प्रमूख उद्देश्य सामुदायिक तथा संस्थागत विद्यालयहरूमा सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन गर्नु रहेको छ ।

यस अध्ययन कार्यलाई अगाडि बढाउन र उपयुक्त दिशा प्रदान गर्नका लागि अनुसन्धान नमूनाको रूपमा धनकुटा जिल्लाको बुधुक स्रोत केन्द्र अन्तर्गतका सामुदायिक तथा संस्थागत प्रा.वि.हरू मध्येका २/२ वटा विद्यालय, उक्त विद्यालयका शिक्षक, प्र.अ. साथै वि.नि. र स्रोत व्यक्तिलाई उदेश्यमूलक नमूना छनौट विधिद्वार छनौट गरिएको छ भने विद्यार्थीहरूको छनौट भने सुविधाजनक नमूना छनौट विधिद्वारा गरिएको छ । यस शोध शीर्षकलाई पूर्णता प्रदान गर्नका लागि यससँग सम्बन्धित साहित्य र सिद्धान्तको पनि पुनरावलोकन् गरिएको छ जसमा हिल्डा टावाको पाठ्यक्रम विकासको उदेश्यमुलक नमुना र भिगोत्स्कीको सहकारी सिकाई सिद्धान्तलाई उल्लेख गरिएको छ । अध्ययन विषयको सान्दर्भिकता र आवश्यकतालाई मनन गरि उदेश्य अनुसार आवश्यक पर्ने वास्तविक र प्रमाणिक सूचना प्राप्त गर्ने क्रममा अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफल र दस्तावेज विश्लेषण जस्ता साधन प्रयोग गरिएको छ । यो शोधपत्र मूलतः गुणात्मक ढाँचाको रहेको छ  र यसमा प्रस्तुत तथ्याङ्कहरूलाई व्याख्यात्मक र विश्लेषणात्मक रूपबाट प्रस्तुत गरिएको छ ।

यस शोधअध्यनका मूख्य प्राप्तिहरूमा एउटै पाठ्यक्रम भए पनि सामुदायिक विद्यालयको भन्दा संस्थागत तर्फको पाठ्यपुस्तककमा बढी पाठ्वस्तुहरू रहेको पाइयो । विषयवस्तुहरूको व्याख्या विश्लेषण पनि तुलनात्मक रूपमा गहन र विस्तृत रहेको पाइएको छ । पाठ्यपुस्तकमा अभ्यास र क्रियाकलापहरू प्रशस्त रहेका भए पनि समय अभाव र खर्चिलो हुने भएको कारण कार्यन्वयनमा कठिनाई हुने गरेको पाइएको छ । सम्पूर्ण एकाइहरूलाई विषयवस्तुको महत्वको आधारमा अनुपातिक रूपमा समान भार नदिएको पाइयो । यस अध्ययनबाट थाहा भए अनुसार सामुदायिक विद्यालयको सामाजिक विषयको शैक्षिक उपलब्धी २०६७ सालको ३७.२० र २०६८ सालको ३९.६९ प्रतिशत त्यसै गरी संस्थागत तर्फको क्रमशः ७०.९४ र ६६.०३ प्रतिशत रहेको पाइयो ।

पाठ्यपुस्तकमा दिइएको विषयवस्तुहरूको समानरूपले व्याख्या र विश्लेषण गरिनुपर्ने, पाठ्यवस्तु र पाठ्यभार विचमा उपयुक्त तालमेल मिलाइनु पर्ने, विषयवस्तुको महत्व र समयसापेक्षताका आधारमा उचित एकाईभार दिनु पर्ने, श्रृजनशील साथै तालिमप्राप्त शिक्षकहरूद्वारा शिक्षण गरिनुपर्ने, स्थानीय ठाउँबाहेक अन्य भौगोलिक तथा ऐतिहासिक महत्वका स्थानमा शैक्षिक भ्रमणको व्यवस्था विद्यालयले मिलाउनु पर्ने, व्यवहारमा लागु हुने खालका घटना तथा समस्याहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरेर अध्यापन गराइनुपर्ने जस्ता महत्वपूर्ण सुझावहरू दिइएको छ ।

# विषय सूची


क्र.सं.   शीर्षक   पेज नं.

सिफारिस पत्र   क

स्वीकृति पत्र   ख

कृतज्ञताज्ञापन   ग

शोधसार   घ

संक्षिप्त शब्दहरूको पूरा रूप   च

तालिका सूची   छ

**परिच्छेद एक : परिचय**

१.१   अध्ययनको पृष्ठभूमि   १

१.२   समस्याको कथन   ४

१.३   अध्ययनको औचित्य   ५

१.४   अध्ययनको उद्देश्य   ६

१.५   अनुसन्धानात्मक प्रश्नहरू   ७

१.६   अध्ययनको परिसीमा   ७

१.७   सम्बन्धित शव्दावलीहरूको परिभाषा   ८

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा**

२.१   अध्ययनको सैद्धान्तिक खाका   १०

२.२   सम्बन्धित साहित्यको पुनरावलोकन्   १३

२.३   पूनरावलोकनको उपादेयता   २०

**परिच्छेद तीन : अध्ययन विधि**

३.१   अनुसन्धानात्मक ढाँचा   २२

३.२   जनसंख्या   २२

३.३   नमूना आकार   २३

३.४   नमूना छनौट विधि   २३

३.५   नमूना छनौटका आधार   २३

३.६   अध्ययनका साधनहरू

३.७   साधनहरूको वैद्यता निर्धारण   २५

३.८   तथ्याङ्कका स्रोतहरू   २६

३.९ तथ्याङ्क सङ्कलन प्रक्रिया २६

३.१० तथ्याङ्क विश्लेषण प्रक्रिया २७

## परिच्छेद चारः तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ सामाजिक विषयको पाठ्यवस्तुको तुलना २८

४.१.१ सामुदायिक विद्यालयको सामाजिक विषयको पाठ्यवस्तु २८

४.१.२ संस्थागत विद्यालयको सामाजिक विषयको पाठ्यवस्तु २९

४.१.३ सामाजिक विषयको पाठ्यवस्तुमा रहेका समानताहरू ३०

४.१.४ सामाजिक विषयको पाठ्यवस्तुमा रहेका असमानताहरू ३१

४.२ सामाजिक विषयको विषयवस्तुको लेखाजोखा ३३

४.२.१ सामुदायिक प्रा.वि.मा पढाई हुने सामाजिक विषयको पाठ्यपुस्तककमा उल्लेखित विषयवस्तुको लेखाजोखा ३३

४.२.२ संस्थागत प्रा.वि.मा पढाई हुने सामाजिक विषयको पाठ्यपुस्तककमा उल्लेखित विषयवस्तुको लेखाजोखा ३५

४.२.३ सामाजिक विषयको विषयवस्तु सम्बन्धी धारणा ३७

४.३ सामाजिक विषयको शैक्षिक उपलब्धीको लेखाजोखा ४०

४.३.१ शैक्षिक सत्र २०६७ को शैक्षिक उपलब्धी ४०

४.३.२ शैक्षिक सत्र २०६८ को शैक्षिक उपलब्धी ४१

४.३.३ शै.स. २०६७ र २०६८ सालको शैक्षिक उपलब्धीको तुलना ४२

४.४ सामाजिक विषयलाई थप प्रभावकारी बनाउने उपायहरू ४४

## परिच्छेद पाँचः प्राप्तिहरू, निष्कर्ष र सुझावहरू

५.१ अध्ययनको प्राप्तिहरू ४७

५.२ अध्ययनको निष्कर्ष ४९

५.३ अध्ययनका सुझावहरू ५१

सन्दर्भ सामग्री A-B

अनुसूचीहरू C-Q

# तालिका सूची


| क.स. | तालिकाको विवरण | पेज नं. |
|---|---|---|
| १. | सामाजिक विषयका विषयवस्तु सम्बन्धी धारणा | ३८ |
| २. | शैक्षिक सत्र २०६७ को शैक्षिक उपलब्धी | ४० |
| ३. | शैक्षिक सत्र २०६८ को शैक्षिक उपलब्धी | ४१ |
| ४. | सामाजिक विषयलाई थप प्रभावकारी बनाउने उपायहरू | ४५ |

## संक्षिप्त शव्दहरूको पूरारूप

शि.अ.सं = शिक्षक अभिभावक संघ

वि.व्य.स. = विद्यालय व्यवस्थापन समिति

वि.नि. = विद्यालय निरिक्षक